नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय

व्यवस्थापन सेवा विभाग

# ३००० थान डायरी छपाई गर्ने बारे सिलवन्दी दरभाउपत्र आह्वानको सूचना
## (प्रथम पटक प्रकाशित मिति : २०७५/११/२३)

यस बैंकका लागि आवश्यक ३००० थान डायरी गोप्य सिलबन्दी दरभाउपत्रद्वारा छपाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयसम्म यस विभागबाट उपलब्ध हुने दरभाउपत्र फारम खरिद गरी १६ औं दिन ( २०७४/१२/०८ ) को विहान ११: ३० बजेसम्म पेश गर्नु हुन सिलवन्दी दरभाउपत्रआव्हान गरिएको छ ।

१. दरभाउपत्र फाराममा आवश्यक सबै विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । केरमेट भएको ठाउँमा अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भै सप्लाईको लागि कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको दरभाउपत्र लाई मान्यता नदिन पनि सकिने छ ।
२. दरभाउपत्रमा उल्लेख गर्नु पर्ने सबै कुराहरु स्पष्टरुपमा केरमेट नगरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
३. दरभाउपत्र खरिद गर्ने व्यक्ति/फर्म/कम्पनीको नाममा दरभाउपत्र दाखिला नभई अर्को नाममा दाखिला भएमा त्यस्ता दरभाउपत्रहरुलाई मान्यता दिईने छैन ।
४. दरभाउपत्रदाताले रु.२५,०००/- नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयको हि.नं. १ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा ३००० थान डायरी छपाईको दरभाउपत्र वापत लेखी दरभाउपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो रकम वरावरको न्यूनतम ७५ दिन अवधि भएको अन्य वाणिज्य बैंकको बैंक ग्यारेण्टी अनिवार्य रुपले पेस गर्नु पर्नेछ । ७५ दिन भन्दा कम अवधिको बैंक ग्यारेण्टी संलग्न भएको दरभाउपत्र स्वत: रद्द हुनेछ
५. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तिम दिनवाट ४५ दिनको हुनेछ ।
६. दरभाउपत्रमा उल्लेख भए बमोजिमका सामानको संख्यामा बैंकले चाहेमा थपघट गर्न सक्नेछ वा दरभाउपत्र स्वीकृती भए पनि आवश्यक नपरेमा केहि वा सम्पूर्ण सामान बैंकले खरिद नगर्न पनि सक्नेछ
७. दरभाउपत्रहरु यस सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ११:३० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त दरभाउपत्रहरु सोहिदिन दिनको १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको प्रधान कार्यालय स्थित व्यवस्थापन सेवा विभागमा खोलिनेछ । यदि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । उक्त दरभाउपत्रहरु विना कारण आंशिक वा पुरा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
८. दरभाउपत्र बुझाउने अन्तिम दिन विदा परेमा वा कार्यालय वन्द रहेमा सो को भोलीपल्टको दिन दरभाउपत्र पेश गर्ने अन्तिम दिन मानिनेछ र दरभाउपत्र खोलिने दिन पनि विदा परेमा सोही बमोजिम हुनेछ ।
९. बैंकमा प्राप्त हुन आउने दरभाउपत्रहरुमध्ये बाट कुनै कारण जनाई वा नजनाई घटी वा वढी दररेटवालाको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
१०. दरभाउपत्र बुझाउँदा बैंकले उपलब्ध गराएको सम्पूर्ण दरभाउपत्र फारामनै (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पेजको पुछारमा दरभाउपत्रदाताले सही गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।
११. दरभाउपत्र फाराम यस विभागको व्यवस्थापन सेवा विभाग धर्मपथ काठमाडौंवाट १५ औं दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।
१२. दरभाउपत्र फारामको लागि रु.१,०००/-(फिर्ता नहुने) यस बैंकको काठमाडौं बैकिङ्ग स्थित प्रधान कार्यालय हिसाव नं. १ मा जम्मा गर्नु पर्नेछ र सो रसिदको आधारमा मात्र दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ ।
१३ दरभाउपत्र पेश गर्दा वन्दी खाममा वाहिर पट्टी आफुले सप्लाई गर्न चाहेको सामानहरुको दरभाउपत्र भनि प्रष्ट रुपमा उल्लेख गरी दरभाउपत्रदाताहरुले सहि गरेको हुनु पर्दछ र खाममा लाहाछापले सिल गरिएको हुनु पर्दछ ।
१४ दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताले नेपाल सरकार आन्तरिक राजस्व कार्यालयबाट जारी आयकरको स्थायी नम्वर वा मूल्य अभिबृद्धि करको प्रमाणपत्रको प्रतिलिपी, बाणिज्य बिभाग वा घरेलु उद्योग बिभाग वा सम्वन्धित निकायमा दर्ता गरेको प्रमाणको प्रतिलिपी र अघिल्लो आ.व. २०७४/७५ को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । कम्पनीको हकमा प्रवन्धपत्र, नियमावलीको फोटोकपी नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपी दरभाउपत्र कागजातका साथ पेश गर्नुपर्नेछ ।
१५ रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन । दरभाउपत्रदाताले कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन ।
१६. दरभाउपत्र स्वीकृत भएको खण्डमा स्वीकृतीको जानकारी बैंकले सम्वन्धित दरभाउपत्रदातालाई दिनेछ । सोही अनुसार जानकारी प्राप्त गरेको ७ दिन भित्र दरभाउपत्रदाताले आफुले कबुल गरेको मुल्यको ५% रकम नगद बुझाएको भौचर वा सो बराबर वा बढी रकमको बैंक ग्यारेण्टी पेश गरी सम्झौता गर्नु पर्नेछ ।
१७. दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्र स्वार्थ बाझिने प्रकृतिको भएमा, जालसाजी गरेको पाईएमा, दरभाउपत्रदाता प्रचलित कानून बमोजिम अयोग्य रहेको पाईएमा दरभाउपत्र उपर कारवाही हुनेछैन ।
१८. दरभाउपत्रदाता सरकारी कार्यालय, बैंक तथा बित्तीय संस्थाको कालो सूचीमा नपरेको हुनु पर्नेछ ।
१९. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०७१ बमोजिम हुनेछ ।